परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ४२ २०७७ आषाढ ७ गते आईतवार Sunday 21, JUNE, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोरोनाको कहर बढ्दै, नेपाल सरकार लकडाउन खुकुलो पार्दै

विराटनगर । कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको कहर दिन प्रतिदिन बढ्दै गइरहेको वेला सरकारले राजश्व संकलन गर्ने नाममा लडकडाउनलाई खुकुलो पार्दै गई रहेको छ ।

२०७६ साल चैत ११ गते पहिले औंलामा गिन्न सकिने कोरोना संक्रमित भएको वेला नेपाल सरकारले चैत ११ गते देखि सिमा नाका शिल गर्नुका साथै लकडाउन लागु गरेको थिए । त्यो लकडाउनलाई प्रभावकारी वनाउनका लागि प्रहरी प्रशासन समेतलाई सक्रिय पारी सडकमा कसैलाई हिन्न समेत दिएका थिएनन् ।

अहिले नेपालमा कोरोना संक्रमितको संख्या ८ हजार ६ सय ५ पुगि सकेको अवस्थामा कोरोना वाट बच्च एक मात्र प्रभावकारी उपाय सामाजिक दुरी भएको र सामाजिक दुरी कामय गर्न लकडाउन मात्र एक उपाय भएकोले



लकडाउन खुकुलो गरे पछि सडकमा तरकारी लिनेको भिड । तस्वीर : श्याम सुन्दर सतिहार

त्यसलाई पनि सरकारले खुकुलो पारेर अझ जनतालाई मार्ने काममा अग्रसर भएको देखिन्छ ।

सरकारले उद्योग व्यवसाायी संचालन गरेर सर्व सधारण मज्दुरवर्गलाई मार्न खोजेको भन्दै सरकारको आलोचना समेत भई रहेको छ। लकडाउनले दैनिक ज्याला दारी मजदुर र विपन्न परिवारलाई देखाएर ठूलावडा उद्योगी व्यवसायीहरुले उद्योग संचालन गर्ने माग गरेर विपन्न

वांकी अन्तिम पेजमा...

## कर तिर्न लगाएर निजी क्षेत्रलाई पेल्न खोजेको आरोप

विराटनगर । प्रदेश १ का राजधानी विराटनगरका दशवटा औद्योगिक संस्थाहरुले वर्तमान सरकारले निजी उद्योगि व्यवसायीहरुलाई कर तिर्न लगाएर पेल्न खोजेको आरोप लगाएका छन् ।

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरसबाट नेपाललाई सुरक्षित राख्न विगत ८१ दिनदेखी देश बन्दाबन्दी अवस्थामा रहेको छ । बन्दाबन्दीका कारण लामो समयदेखी व्यापार-व्यावसाय धरासयी बनेको समयमा नेपाल सरकारले कर तिर्न भनी निजी क्षेत्रलाई पटक पटक समय दिदै आएको छ ।

सरकारको यो कदमलाई विराटनगरका व्यापारी र व्यापारीका संघ संस्थाहरुले सरकारको यो कदमलाई अस्विकार गरेका छन् । बन्दाबन्दीसंगै व्यापार व्यावसाय समते चौपट रहेको बेला तत्कालै कर तिर्ने अवस्था नरहेको भन्दै निजी क्षेत्रलाई राहत दिई हौसला बढाईनुपर्नेमा सरकारले करतिर्न लगाएर पेल्न खोजेको देखिन्छ । तर यता अचानक बन्दाबन्दी सुरुहुनुले बजारमा फसेको बाँकी वक्यौता समेत उठ्न नसकेको व्यापारीहरु बताँउछन् ।

सरकारको यो निर्णयले प्रायजसो निजी क्षेत्र हतोत्साहीत भएको देखिन्छ जसले गर्दा कम लगानीमा सुरु गरिएको व्यपार व्यवसायीहरु विस्थापित हुन सक्ने खतरा बढ्दै गएको छ ।

उद्योगी व्यवसायीहरुले तत्काल कर तिर्न बाध्य नबनाइयोस, निजीक्षेत्रलाई ध्वस्त बनाउनबाट बचाउनका लागी राहत प्याकेजको व्यवस्था मिलाईयोस, लकडाउन सुरु भएको मितीदेखी लागुहुने गरी बैंकबाट लिइएको कर्जाको सतप्रतिशत व्याज गरिनुपर्ने, लकडाउन खुलेपछी बैंकको बेस रेटमा कम्तिमा एक वर्षको लागी ऋण उपलब्ध गराउनुपर्ने कर बुझाउन एक वर्षको म्याद दिइनुपर्ने माग गरेका छन् ।

विभिन्न १० वटा संघहरु मिलेर केही माग राख्दै हाललाई करतिर्न बाध्य नबनाउन आग्रह गरेका छन् । विराट व्यापार संघ, केन्द्रिय कार्यालय विराटनगरका अध्यक्ष सुजन थापा , मोरङ अटोमोबायल्स डिलर एशोसिएसनका अध्यक्ष सुभाष आचार्य, ट्रांस्पोर्ट एशोसिएसनका अध्यक्ष नरबहादुर भण्डारी, नेपाल औषधि व्यवसायी संघ कोशीका अध्यक्ष कुमार खतिवडा, मदिरा व्यवसायी संघका अध्यक्ष विनोद केसी, मोरङ ईलेक्ट्रिक संघका अध्यक्ष नविन अग्रवाल, नेपाल मुद्रण उद्ययोग संघका अध्यक्ष लव घिमिरे, नेपाल औषधि व्यवसायी संघ मोरङका अध्यक्ष लक्ष्मी तिमसिना,

वांकी अन्तिम पेजमा...

## दोहरो नागरिकतामा कारवाही नभएको गुनासो

विराटनगर । नेपाल र भारत दुवै देशको नागरिक रहेको उजुरी जिल्ला प्रशासन कार्यालय मोरंगमा दर्ता गराएको ३ महिना विति सक्दा पनि कुनै कारवाही नगरेको गुनासो उजुरी कर्ताले गरेको छ ।

आज विराटनगरको नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमिति मोरंगको हलमा उजुरी कर्ता बलराम साहले पत्रकार सम्मेलन गरी फागुनमै दर्ता गराएको उजुरी उपर कुनै कारवाही नगरी जिल्ला प्रशासन कार्यालयका कर्मचारीले कारवाही हुंदै छ भनी आलटाल गरेको आरोप छ ।

साविक जिल्ला मोरंग बुधनगर गाउँ विकास समिति वडा नं. १ हाल विराटनगर महानगर पालिका वडा नं. १८ झटियाही टोलका कविता कुमारी साहको २०५५ सालमै भारतको विहार राज्य अररिया जिल्ला पंचायत जागीर परासी टोल ककुढवाका सदानन्द साहसंग विवाह भएको थियो ।

विवाह भएको २ वर्ष पछि कविता कुमारी साहले जिल्ला प्रशासन कार्यालय मोरंगवाट ना. प्र. नं. ४२५४८ मिति २०५६/२/३० गते गैरकानूनी रुपमा नागरिकता वनाएका हुन् ।

त्यसै गरी भारतमा पंचायत आम निर्वाचन नामावली २०१८ जिल्ला अररिया पंचायत जागी

वांकी अन्तिम पेजमा...

## कोरोनाको कारण ४ लाख ६३ हजारको मृत्यु

विराटनगर । नेपालमा मात्रै होईन कोरोना भाइरस चीनवाट शूरु भइ करीब करीब विश्व भर नै फैलि सकेको छ । कोरोना संक्रमणवाट दिनानु दिन मृतक र कोरोना संक्रिमितको संखया वढ्दवै गईरहेको छ ।

विश्वभरमा कोरोना संक्रमणको महामारीले मृत्यु हुनेको संख्या ४ लाख ६३ हजार नाघि सकेको छ ।

शनिवार सम्म विश्वभर १ हजार ३ सय ७४ जनाले ज्यान गुमाएका छन् । कोरोना भाईरसबाट हाल सम्म ८७ लाख ८९ हजार संक्रमित भएका छन् । विश्वभर ३८ हजार २ सय ६८ नयाँ संक्रमित थपिएका छन् । संक्रमित भएका मध्ये ४६ लाख ४८ हजार बढि उपचारपछि निको भएर घर फर्कि सकेका छन् ।

त्यसगरी संक्रमितको संख्या मध्ये ५४ हजार ७ सय भन्दा बढीको अवस्था गंभिर छ भने वांकीको अवस्था समान्य र मधयम रहको छ । अमेरिकामा कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या १ लाख २१ हजार ४ सय १४ पुगेको छ । संक्रमितको संख्या २२ लाख ९७ हजार नाघेको छ ।

ब्राजिलमा १० लाख ३८ हजार बढी संक्रमित हुँदा ४९ हजार बढीको ज्यान गएको छ । रसियामा ५ लाख ७६ हजार बढी संक्रमित भएका छन् । रसियामा मृत्यु हुनेको संख्या ८ हजार नाघेको छ । भारतमा ३ लाख ९६ हजार ७ सय ६५ जना संक्रमित भएका छन् । कोरोना संक्रमणबाट १२ हजार ९ सय ७२ जनाको मृत्यु भएको छ ।

कोरोना संक्रमणको कारण नेपालको छिमेकी मुलुक भारतमा ९ सय ५३ जना नयाँ संक्रमित थपिएका छन् । वेलायतमा संक्रमितको संख्या ३ लाख १ हजार ८ सय १५ पुगेको छ । वेलायतमा

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## कोरोनाको...

परिवारको काधमा वन्दुक राखेर आफ्नो फाईदा खोज्ने उद्योगिहरुको चालमा विपन्न परीवार फस्नु हुँदैन। किन भने भिडभाडमा काम गर्न मज्दुर र विपन्नहरु नै जान्छ धनीहरु घरमा बसेर मजदुरको श्रममा रजाई गर्दछन्।

त्यसैले ज्या नबचेपछि जहान चाहिएकोले ज्यान वचाउनको लागि लकडाउनलाई प्रभावकारी रुपमा लागु गरी विपन्न परिवार र दैनिक ज्याला मजदुरी गर्नेको लागि सरकारले दैनिक उपभोग सामानहरु उपलब्ध गराउनु पर्दछ।

नेपालमा कोरोनाको तथ्यांक हेर्ने हो भने शनिवार मात्रै ३ सय ३१ जना कोरोना संक्रमित थपिएको छ। ३ सय ३१ सहित नेपालमा संक्रमितको संख्या ८ हजार ६ सय ५ पुगेको छ।

त्यसैगरी डिस्चार्ज हुनेको संख्या १ हजार ५ सय ७८ पुगेको छ। कुल संक्रमितमध्ये २२ जनाको मृत्यु भई सकेको छ। नेपालमा रहेको ७७ जिल्ला मधये ७४ जिल्लामा कोरोना संक्रमित देखि सकिएका छ।

प्रदेश १ शनिवार ११ जना कोरोना संक्रमित थपिएसंगै कोरोना संक्रमितको संख्या ४ सय ३३ पुगेको छ। प्रदेश १ मा १८ हजार १ सय ६१ जनाको स्वाव संकलन गरिएको छ।

शनिवार ३ सय ५६ जनाको स्वाव संकलन गरिएको जसमध्ये मोरंगमा ८, सुनसरीमा २ र झापामा १ जनामा कोरोना संक्रमण देखिएको छ।

मन्त्रालयका अनुसार १६ हजार ५ सय १९ जनाको रिपोर्ट नेगेटिभ आएको छ। स्वाव संकलन गरिएका मध्ये १ हजार २ सय ९ जनाको रिपोर्ट आउन बाँकी रहेको छ। प्रदेश १ बाट आज सम्म १६ हजार ५ सय ७६ जनाको आरडिटी गरिएको छ।

## दोहरो...

परासी थाना कुर्साकाटाको सि.नं. १९७ (५१/६३/१०८ यू एक्स वी १६७२५७५ गृह संख्या १६ समेत उल्लेख छ।

नेपाल र भारत दुवै देशको नागरिकता भएर नेपालमा कविता देवी साहको पति सदानन्द साहले भारतीय रुपियाको कारोवार, मिटर व्याजमा पैसा लगानी गर्ने काम गरेका छन्।

पत्रकार सम्मेलनमा साहले भने म एउटा सचेत नागरिकको हैसियतले दोहरो नागरिकता लिनु गैरकानूनी भएकोले जिल्ला प्रशासन कार्यालय मोरंगमा २०७६ साल फागुन २८ गते दर्ता नं. ४७४८ को उजुरी दर्ता गराए तर तीन महिला विति सक्दा पनि जिल्ला प्रशासन कार्यालय मारंगवाट कुनै किसिमको कारवाही नभएकोल पत्रकार सम्मलेन गर्न वाध्य भएको वताए।

## कोरोनाको...

४२ हजार ४ सय बढीले ज्यान गुमाएका छन्। स्पेनमा २ लाख ९२ हजार ६ सय बढी कोरोना संक्रमित मध्ये २८ हजार ३ सय १५ जनाको मृत्यु भएको छ।

त्यसैगरी पेरुमा २ लाख ४७ हजार ९ सय बढी संक्रमित हुँदा ७ हजार ६ सय बढीको मृत्यु भएको छ। इटालीमा २ लाख ३८ हजार बढी संक्रमित भएका छन्।

इटालीमा ३४ हजार ५ सय बढीको मृत्यु भएको छ। चिलिमा २ लाख ३१ हजारबढी संक्रमित मध्ये ४ हजार बढीले ज्यान गुमाएको न्यज एजेन्सीहरुले उल्लख गरेको छ ।

## कर तिर्न...

विराटनगर हार्डवेयर संघका अध्यक्ष मुकुन्द दाहाल र विराटनगर ट्रक व्यवसायी संघका अध्यक्ष लक्ष्मी प्रसाईले संयुक्त रुपमा प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालयको नाममा ज्ञापन पत्र बुझाउदै निम्न मागहरु राखेका छन्।

मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेल र नेपाल राष्ट्रिय बैंक विराटनगरका निर्देशक लक्ष्मण सिग्देल मार्फत संयुक्त रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका हुन।

# अत्याधुनिक न्यूरो सर्जरी सेवाले विरामीलाई सहज

बिराटनग। नोबेल शिक्षण अस्पताल विराटनगरले दक्षिण पहिलो पटक अत्याधुनिक न्यूरो सर्जरी सेवा सञ्चालन गरेपछि बिरामीहरुलाई सहज भएको छ।

दक्ष चिकित्सक र अत्याधुनिक उपकरणको व्यवस्था मिलाएर २०७३ सालबाट अत्याधुनिक न्यूरो सर्जरी सेवा थालेको नोबेलले जटिल एवं दुर्लभ शल्यक्रिया पनि सफलतापूर्वक गर्दै आएको छ।

नेपालसहित बिभिन्न देशका न्यूरो सम्बन्धि २ हजार भन्दा बढी बिरामीको सफलतापूर्वक शल्यक्रिया गरिसकेको छ। बर्षौदेखि रोग पालेर बसेका बिरामी पनि नोबेलमा शल्यक्रिया गराएर निको भएका छन्। नोबेलमा अत्याधुनिक न्यूरो सर्जरी सेवा सञ्चालन गरी भरपर्दो उपचारलाई निरन्तरता दिईएपछि राम्रो उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता हटेको बिरामीहरु बताउँछन्।

एउटै अस्पतालमा न्यूरो सर्जरीसहित सम्पूर्ण उपचार सेवा पाउँदा धेरै सहज भएको नोबेलमा उपचाररत भोजपुरका जागिरमान राईले बताए। 'न्यूरो सम्बन्धि जटिल समस्याका लागि पनि अन्त जानु पर्दैन। सवै उपचार नोबेलमै पाउँदा धेरै सजिलो भएको छ।' उनले भने।

यता, छोराको अप्रेशनका लागि आएकी सिरहा सुखिपुरकी सीतादेवी शाहले पनि अत्याधुनिक सेवा पाउँदा धेरै राहत मिलेको बताईन्। उनीहरु जस्ता अधिकांस बिरामी र बिरामीका आफन्तले नोबेलमा अत्याधुनिक सेवा पाउँदा सहजता मिलेको प्रतिक्रिया दिने गरेका छन्।

नोबेलले दुई अर्ब २० करोडको लगानीमा दक्षिण पूर्वी एशियामै पहिलो पटक अत्याधुनिक न्यूरो सर्जरी सेवा सञ्चालन गरेको छ। सेवा सुरु गरेपछि दुर्लभ र जटिल मानिने शल्यक्रिया पनि सफलतापूर्वक गरिदै आएको छ। नोबेलमा नेपालका बिभिन्न जिल्लासँगै भारत, माल्दिभ्स लगायत देशका विरामी पनि न्यूरो



सर्जरीका लागि आउँने गरेका छन्।

फिनल्याण्डका बिरामीले समेत नोबेलमा आएर ब्रेन ट्यूमरको शल्यक्रिया गराएका छन्।

नोबेलमा ओ-आर्म, आई सेभेन नेभिगेशन सिस्टम, पेन्टेरो ९०० थ्रीडी एचडी माईक्रोस्कोप, थ्री तेस्ला ईन्ट्राअपरेटिभ फङ्सनल एमआरआई, रोवोटिक आर्मसहितको न्यूरो ईण्डोस्कोप लगायत अत्याधुनिक उपकरण छन्।

अत्याधुनिक उपकरण र दक्ष चिकित्सक भएकाले जटिल शल्यक्रिया पनि सफलतापूर्वक गरिदै आएको नोबेल अस्पतालका बरिष्ठ न्यूरो सर्जन डा.प्रकाश काफ्ले बताउँछन्।

गुणस्तरीय सेवामा केन्द्रित हुँदै गएको नोबेलले न्यूरोसहित कार्डियो, पल्मो लगायत सेवामा पनि स्तरीयता बढाउँदै लगेको छ।

**छोरा छोरी दुवैलाई विद्यालय पठाऔं।**

**सूचना सूचना सूचना**

हाल कोरोना भाइरस महामारीको कारण बन्दावन्दीको समयमा सञ्चार क्षेत्रमा संलग्न बाहेका व्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिदै सञ्चार माध्यम तथा सामाजिक संजालमा अफबाहपूर्ण विषय सम्प्रेसन गर्ने, अनधिकृत रुपमा परिचय पत्र, पोशाक र सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरीतका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोही कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाएमा कानूनबमोजिम कारवाही हुने व्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१







परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# विदेशी बुहारी माथि विभेद नगरौं

नेपाली नागरिकसंग विदेश महिलाले विवाह गरेका ती महिलाले ७ वर्ष पछि मात्र नेपालको अंगीकृत नागरिकता दिने व्यवस्थाले नेपालकै संविधान अनुसार महिला माथि विभेद हुने छ । नेपालको संविधानको धारा ११(६) मा "नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानूनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ" भन्ने व्यवस्था गरेको छ । तर सत्तापक्षीय केही माननीयहरुले विवाह भएको ७ वर्षपछि मात्र अंगीकृत नागरिकता दिने व्यवस्था राख्ने प्रस्ताव गर्नुभएको छ त्यो सिधै महिला माथि विभेद हुने गरी गैरकानूनी प्रस्ताव रहेको छ । संविधानले विवाह भएको यति वर्ष पछि मात्र नागरीकता लिन पाउने कहीँ कतै किटान गरेको छैन । नेपालको संविधान २०७२ मा वैवाहिक अंगीकृत नागरिकतासम्बन्धमा संविधानमा उल्लेख भएको अहिलेकै व्यवस्था ठीक छ । विवाह भएको ७ वर्षपछि नागरिकता दिने व्यवस्थाले महिलाहरुप्रति विभेद गर्नुका साथै महिलाहरुको नागरिक हकअधिकारमा समेत असर पर्ने देखिन्छ ।

अन्तराष्ट्रिय कानुन बमोजिम कसैलाई पनि कुनै कारणले पनि राज्य विहीनको अवस्थमा राख्न पाईदैन । ७ वर्ष सम्म नागरिकता विहीन वनाएर ७ वर्ष सम्म अस्थायी परिचय पत्र दिने जुन कुरा माननीयहरुले गरेको छ त्यो कुरा संविधानमा कहिकै उल्लेख भएको छैन । के संविधान भन्दा वहिर गएर माननीयहरुले वोल्न मिल्छ ? संविधान विपरीत वोलेमा मधेशीलाई गोली ठोक्ने तर त्यही संविधानवाट माननीय बन्नेहरु संविधान विपरीत बोलेकोमा कानुनी कारवाही हुन्छ कि हुदैन । विदेशी नागरिकहरुसँग विवाह गर्ने चलन पनि बढ्दै गएको छ । यस्तो अवस्थामा प्रस्तावित ७ वर्षे व्यवस्थाले धेरैलाई मर्का पर्नुका साथै नागरिक अधिकारबाट बञ्चित हुने अवस्था उत्पन्न हुन सक्छ । पितृसत्तात्मक समाजिक संरचना रहेको नेपाली समाजमा विवाहपश्चात महिला पुरुषको घरमा आउने चलन छ । महिलालाई जीवनभरि खुसी दिने वाचा गरी वैवाहिक बन्धनमा बाँधिएको पुरुषले आफ्नो पत्नीलाई ७ वर्षसम्म नागरिकको पहिचान पनि दिलाउन नसक्ने अवस्था आउन सक्छ । के राज्यले यही चाहेको हो त ? संविधानले यही कल्पना गरेको छ त ?

संविधानले सम्पुर्ण नागरिकलाई सामानताको दृष्टिले हेरेको व्यवस्थालाई विदेशी बुहारी भएकै कारण ७ वर्ष नागरिक अधिकारवाट बंचित गर्नु उचित होईन । यस्ता व्यवस्था ल्याउंनु भन्दा वरु विदेशसंग विवाहमै रोक लगाउनु उत्तम हुन्छ । भारतसंग सिमा जोडिएको नेपालमा बसोवास गर्ने नेपालीहरुका आमा, हजुर आमा, पत्नीको रुपमा सिमापारीवाट ल्याएको हुन्छ । यो बिषय कुनै नेपाल भारतको राजनैतिक सीमा वारि वा पारिको बिषय पनि होइन । यो साँस्कृतिक सिमाको बिषय हो, यो सयौं वर्षदेखि चल्दै आएको कुरा हो । यो सामाजिक र सांस्कृतिक सम्बन्ध नेपाल र भारत राज्य बन्नुभन्दा पहिले देखि चल्दै आएको छ । त्यसैले नीती र नैतिकता ठीक राखे जहांवाट आएको बुहारीले केही गर्न सक्दैनन् । त्यसैले नेपाली नागरिक संग विवाह गरेका विदेशी महिलालाई भारतीय नागरिकता त्याग्न वित्तिकै नेपाली नागरिकता दिनु पर्छ ।

# कालापानी सधैं चुनावी ऐजन्डा नबनोस

**सन्तोष मेहता**



लिपुलेक, लिम्पियाधुरा अथवा कालापानी लगायतका भूभागमा भारतको उपस्थिति छ । सन् १८१६ मा भएको सुगौली सन्धिको अनुच्छेद ३ बमोजिम काली नदीको पूर्व पट्टिका सम्पूर्ण भूभाग नेपालले आफ्नो दाबी गरेको छ, त्यसअनुसार आफ्नो नक्सा जारी गरेको छ । यो एकदमै कुटनीतिक विषय हो । नेपाल र भारतबीच संसारमै विरलै मित्रता भएको पाइन्छ । यी दुई देशबीचको विवाद हो । अहिले नेपालमा भारतप्रति विद्वेष फैलाउने कार्यहरू भइरहेको छ । भारतले अहिले नै ती भूभागहरू कब्जा गरेको भन्ने वास्तविकता त होइन । भारतले बनाएको सडकको सन्दर्भमा पनि भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह हुँदाखेरि सन् २००८ सालमै सडक बनिसक्नुपर्ने निर्णय गरेको थियो । सडक निर्माण भएदेखि नै ती ठाउँहरू भारतको अधिपत्यमा रहेका छन् । आजभन्दा ६०-७० वर्ष पहिला १७ ठाउँमा भारतीय सेना थिए, बाँकी १६ वटा ठाउँबाट हटाइयो तर कालापानीबाट हटाइएन अथवा हट्नुपर्छ भन्ने पत्राचारसम्म गरिएन । सुशील कोइराला प्रधानमन्त्री हुँदाखेरि आधिकारिक रूपमा ती भूभाग हाम्रो हो भनेर भनिएको थियो । त्योभन्दा कहिल्यै पनि नेपालले आधिकारिक रूपमा त्यो भूमिमा आफ्नो दाबी पनि गरिएको स्थिति थिएन । समग्रमा भन्नुपर्दा त्यो भूमि नेपालको हो भने यदि हामीसँग सबै प्रमाणहरू छ भने हामी भारतसँग टेबुल टक गर्न सक्छौं । भारत त्यस्तो देश पनि होइन, जसलाई हामीले सबै प्रमाणहरू पेस गर्‍यौं भने फिर्ता गर्दैन । हामी प्रमाणहरू पेस गर्छौं, हाम्रो पक्षमा यदि प्रमाणहरू रहन्छ भने हाम्रो भूमि फिर्ता हुन्छ । संसारभरि भूमिका समस्याहरू विभिन्न तरिकाले समाधान हुने गरेका छन् । यदि त्यो भूमि भारतलाई आवश्यक हो भने वैकल्पिक उपायहरू पनि हुनसक्छन् । त्यो पछिको कुरा हो । सबभन्दा पहिला भारतसँग कुटनीतिक रूपमा कुराकानी गरेर यो समस्याको समाधान निकाल्नुपर्छ ।

सुधारिएको नक्सा भन्नका लागि भारत र सारा दुनियाँले यसलाई स्वीकार गर्‍यो भने हाम्रो निम्ति त्यो नक्सा सुधारिएकै हुन्छ । जबसम्म कुनै पनि सम्पतिको स्वामीको अतोपतो हुँदेन तबसम्म त्यो सम्पत्तिमा जसको कब्जा हुन्छ, उसैको सम्पत्ति कहलिन्छ । जब उसको वास्तविक स्वामी भेट्छ, तब त्यो सम्पत्ति उसको हुन्छ । त्यसकारणले त्यो भूमिको अहिलेसम्म वास्तविक स्वामी भेटिएको थिएन । हामीसँग विभिन्न प्रमाणहरू छन्, ती प्रमाणहरूको आधारमा त्यो भूमिको स्वामी हौं । त्यो भूमिमा जसको कब्जा छ उसँग कुरा गरेर प्रमाणहरू देखाएर अनि मात्रै त्यो नक्सा वास्तविक हुन्छ । नक्सा जारी गरेर उम्लिरहेको दुधमा पानी छर्कने काम मात्रै सरकारले गरेको छ । कम्युनिष्ट पार्टीका निम्ति कालापानी सधैं चुनाव जित्ने मुद्दा रह्यो । अब नक्सा सार्वजनिक गरेर प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो कुर्सी जोगाउने काम मात्रै गर्नुभएको छ । यदि वास्तविकरूपमै ती भूभाग नेपालको भूगोलभित्र पर्छ भने वार्ता गरी निष्कर्ष निकाल्नुपर्छ । भारत सरकारका प्रवक्ताले यो विषयमा सम्वाद गर्न भारत तयार रहेको बताएका छन् । सम्वादमा नेपालले आफ्ना कुराहरू दरोसँग राख्न सकियो भने समस्याको समाधान हुन्छ । भारतलाई विस्तारवादी अथवा भारतले नेपालको सिमाना मिचेको भनेर नेपालमा जसरी भारत विरोधी मानसिकता बनाएको छ, वास्तवमा नेपाल सरकारले पनि यो कुरालाई स्पष्ट पार्नुपर्छ । सबै ठाउँको सिमानाको समस्या समाधान भएको छ, कालापानी र सुस्ताबाहेक । छिमेकी राष्ट्रहरू सँगै सिमाना विवाद हुने गर्छ र त्यसको समाधान पनि हुन्छ । भारतले नै स्वीकार गरेको छ कि दुई ठाउँमा सीमा विवाद छ । तर, चीनले जुन सिमानाहरू मिचेको छ त्यस विषयमा चीनले कुरा गर्नेसम्म भनेको पनि छैन । त्यसकारणले भारतले यति उदारता देखाएको भन्ने कुरालाई सकारात्मकरूपमा लिनुपर्छ ।

जुन भूभागमा दाबी गरिएको छ त्यो भूभाग कुनै अमूक पार्टीको राजनीतिक नाराको रूपमा मात्रै प्रयोग हुँदै आएको छ । तर, नेपाल सरकारले वास्तविकरूपमा यो भूभाग हाम्रो हो भन्ने हिसावले कहिल्यै पनि कुरा गरेन वा आफ्नो ठानेन । कतिपय राजनीतिक दलले आफ्नो राजनीतिक खपतका लागि बनाइराख्ने विषय हो । कुनै बेला यसलाई सत्ताको भऱ्याङ बनाउने कुनै बेला सत्ता टिकाउने चाबी बनाउने काम मात्र अहिलेसम्म गरिरहेको छ । त्यसकारणले हामी चाहन्छौं यस समस्याको समाधान होस् । नेपाल, भारत र चीन तीनै देश बसेर यो समस्याको समाधान होस् भन्ने हाम्रो चाहना हो ।

नक्सा सार्वजनिक गरेको कुरालाई लिएर भारत र नेपालबीचको मित्रवत् सम्बन्ध, कुटनीतिक सम्बन्ध र अन्य प्रकारका सम्बन्धहरूमा कुनै पनि दरार नहोस् । नेपालले आफ्नो तरिकाले नक्सा सार्वजनिक गर्‍यो र यही कारणले गर्दा मित्रताको सम्बन्धमा कुनै दरार आयो भने नेपालले भारतसँग कुरा गर्नुपर्छ । यसलाई सधैंभरिका लागि राजनीतिक नाराको विषय अब बनाउनु हुँदैन । आफूसँग भएका सम्पूर्ण प्रमाणहरू र भारतले पनि आफ्ना प्रमाणहरू राख्ला । त्यो प्रमाणको आधारमा यो मुद्दालाई सधैंका निम्ति समाधान गर्नुपर्छ । भारतको विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले भर्खरै भन्नुभयो कि सम्वाद गर्न हामी तयार छौं । यस विषयमा नेपालले आजसम्म तदारूकता देखाएकै छैन । यो समस्या आएको ६०-७० वर्ष भयो । अहिले भारत पनि वार्ता गर्न सकारात्मक रहेको बेला नेपालले यसको उपयोग गर्दै वार्ता प्रक्रिया अगाडि बढाउनुपर्छ । अहिले वैश्विक महामारी कोरोनाको संकट छ । यसबाट पार पाउने बित्तिकै नेपालले तदारूकताका साथ वार्ता गरोस् ।

सबभन्दा पहिला त ती भूमि कसको हो भन्ने प्रष्ट हुनुपर्छ । हामी नेपाली हौं, त्यसकारणले नाराका लागि त्यो भूमि हाम्रै हो भन्न सकौला । जब दुई देशबीच वार्ताको कुरा हुन्छ त्यतिखेर त्यो भूमि कस्को हो भन्ने कुराको निक्र्योल हुनुपर्‍यो । लिम्पियाधुरादेखि पूर्वपट्टिका सम्पूर्ण भूमि यदि नेपालको ठहरिन्छ भने त्यसपछि हामी कुनै निष्कर्षमा पुग्न सक्छौं । त्यो भूमि यदि नेपालकै ठहर्‍यो भने भारतलाई सामरिक सुरक्षाको महत्व राख्छ भने भारत मित्रराष्ट्र भएको हुनाले भूमिको सट्टापट्टा पनि हुनसक्छ । यसको प्रत्यक्ष उदाहरणका लागि हामीले भारत र बंगलादेशबीच भएको सीमा सम्झौतालाई हेर्न सक्छौं । तर पहिला त त्यो विवादित भूमि कसको भन्ने स्पष्ट हुनुपर्छ । किनभने भर्खरै भारतका विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले हामी वार्ता गर्न त तयार छौं तर त्यो भूमि हाम्रै हो भन्ने दाबी गर्नुभएको छ । त्यस्तै भारतीय सेना प्रमुखको पनि वक्तव्य आएको छ । त्यसकारणले त्यो भूमिमा भारतको पनि दाबी छ । भारतको दाबी हुनुको पछाडि भारतसँग पनि केही प्रमाणहरू छ कि । त्यो भूमिमा हामीले पनि सुगौली सन्धिलाई आधार बनाएर दाबी गरेका छौं । त्यसकारणले यी दुवै दाबीको बीचमा कसको दाबी ठिक भन्ने कुराको निष्कर्ष त दुवै पक्ष नबसीकन हुँदैन ।

(कुराकानीको आधारमा) (मधेश दर्पण फिचर सेवा)

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५२६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५२६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय ०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००८०१३०
इ.प्र.का. उर्लाबारी ०२१-५४०००२
सिमा प्रहरी चौकी ०२१-४३५८४०

# बुढीगंगामा सुविधा सम्पन्न क्वारेन्टाइन

विराटनगर, आषाढ ३ गते । विदेशबाट आएका व्यक्तिहरुलाई राख्न बनाइएका क्वारेन्टाइनहरु अव्यवस्थित रहेको भन्दै व्यापक गुनासो आइरहेको छ । तर, कतिपय स्थानीय तहले भने गुनासो नआउने गरी व्यवस्थित र सुविधा सम्पन्न क्वारेन्टाइन निर्माण गरेको पाइएको छ ।

मोरङको बूढीगंगा गाउँपालिका ले निर्माण गरेको क्वारेन्टाइनमा बसेका व्यक्तिहरुसमेत सन्तुष्ट

उहाँले बूढीगंगा गाउँपालिका क्षेत्रभित्र क्वाइरेन्टाइमा रहेका धैरै जसोको पिसिआर परिक्षणको रिपोर्ट नेगेटिभ आएपछि फूलको माला लगाएर घर पठाइसकेको बताउनुभयो । अध्यक्ष माझीले अन्य मुलुकबाट बुढीगंगामा करिब १ हजार ५ सय जना मानिस अझै भित्रिने भएकाले कर्मविर माध्यमिक विद्यालय र सामुदायिक भवनमा समेत क्वाइरेन्टाइको व्यवस्था गर्ने बताउनुभयो ।

सञ्चलनमा रहेकाले मजदुरमार्फत कोरोना फैलिने हो कि भनेर स्थानीय त्रसित रहेको पाइएको छ । यसबाट सुरक्षित रहन स्थानीय नागरिकका लागि गाउँपालिकाले तत्काल सबै संयन्त्रहरुको छलफलले २ ठाउँमा क्वारेन्टाइनको व्यवस्था मिलाएको प्रमुख प्रशासकीय अधिकृत डमरुबल्वभ बराललले जानकारी दिनुभयो ।

उहाँले वडा नम्बर ६ एक जानालाई पोजेटीभ देखिएपछि चैत २५ गतेवाट कोरोना भाईरसको संक्रमण नियन्त्रणका लागि क्वारेन्टाइन सञ्चालनमा ल्याएको स्वास्थ्य शाखा प्रमुख बासुदेव रेग्मीले जानकारी दिनुभयो ।

उहाँले पोजेटिभ देखिएका व्यक्ति लगायत अन्य २५ जना गरी २६ जना निको भएर घर फर्किसकेको बताउनुभयो । खाना र बस्न कुनै समस्या नभएको



देखिएका छन् । भारतसहित तेस्रो मुलकबाट आएका व्यक्तिहरुलाई गाउँपालिकाले निर्माण गरेका क्वारेन्टाइनमा राखिएको छ ।

उनीहरुलाई १४ दिनसम्म क्वारेन्टाइनमा राखेर स्वाब परिक्षण र रगत परिक्षणको रिपोर्ट नगेटिभ आएमा घर पठाउने गरेको गाउँपालिकाले जनाएको छ । क्वारेन्टाइनमा रहेका विरामीहरुलाई प्रोटिनयुक्त खाना, विहान-बेलुका स्वास्थ्य परिक्षण नियमित भइरहेको गाउँपालिका अध्यक्ष बालचन्द्र माझीले बताउनुभयो ।

क्वाइरेन्टाइनमा छिमेकी मुलुक भारतका विभिन्न स्थानबाट फर्किएका अधिंकाश युवाहरु रहेका छन् । उनीहरुलाई घरका सदस्यहरु सम्झेर स्वास्थ्य उपचार र खानाको व्यवस्थापन गरेको गउँपालिकाकी उपाध्यक्ष अमृताकुमरी गच्छदारले बताउनुभयो । उहाँले क्वारेन्टाइन लाई अझै व्यवस्थित बनाउनेतर्फ गाउँपालिका लागिपरेको बताउनु भयो ।

गाउँपालिकामा ४४ हजार मानिसको बसोवास छ । गाउँ पालिकामा अधिकांश उद्योगहरु सुक्चरस्थित नारायाण माध्यामिक विद्यालयमा ३० बेडको र वडा नम्बर २ वोरहास्थित मधुग्राम देवता आधारभूत विद्यालयमा २० बेडको क्वारेन्टाइनको व्यवस्था मिलाएको जानकारी दिनुभयो । मधुग्राममा ओमनबाट १ जना र अन्य देशबाट आएका ३ जना गरी ४ जना महिला बसेका छन् ।

त्यस्तै नारायण माविमा छिमेकी मुलुक भारतका विभिन्न ठाउँबाट आएका २२ जना युवाहरु रहेको उहाँले बताउनुभयो । गाउँपाकिामा क्वारेन्टाइनमा बसेकाहरु बताउँछन् । गाउँपालिकाले निर्माण गरेको क्वारेन्टाइनप्रति उनीहरु सन्तुष्ट देखिएका छन् ।

देशका अन्य स्थानीय तहले निर्माण गरेका क्वारेन्टाइन अव्यवस्थित भएको, पानीसमेत खान नपाएको भन्दै क्वारेन्टाइनमै बसेकाहरुबाट आन्दोलन भएका उदाहरण प्रशस्तै छन् । यस्तो अवस्थामा बूढीगंगा गाउँपालिकाले बनाएको क्वारेन्टाइन सबैका लागि उदाहरण बन्न सक्छ ।

# एक षर्षमा २८ मुख्य काम : प्र.उ. विश्व अधिकारी

विराटनगर, आषाढ ६ गते । एक वर्ष पहिले मोरंगमा सरुवा भई आएका प्रहरी उपरीक्षक विश्व अधिकारी भोली यहांवाट विदा हुँदैछ ।

मोरंगवाट विदा हुनुपूर्व जिल्ला प्रहरी कार्यालय मोरंगको सभा हलमा पत्रकार सम्मेलन गरी एक वर्षमा आफूले गरेको कामहरु मध्ये मुख्य २८ वटा कामहरुलाई वुँदागत रुपमा सार्वजनिक गरेका थिए ।

प्रवल घिमिरेको सिंहिया खोलामा भएका मृत्युका वारेमा जानकारी दिदै त्यस घटनामा कसैको पनि संलग्नता नरहेको भन्दै पोष्ट पार्टमको रिपोर्टका अनुसार पानीमा निसासिएर मृत्यु भएको वताए ।

आफूले एक वर्ष भित्र समुदाय संगको साझेदारीमा गरेका कामहरु र कोरोनाको वेला 'प्रहरीको साथी म' अभयानमा यूवाहरुले गरेको सहयोगर समर्थनको प्रंशसा गर्दै, मोरंगका पालिकाहरुले गरेको सहयोग प्रति हार्दि कृतज्ञता व्यक्त गरेका थिए ।

त्यसैगरी पत्रकारहरुले गरेको सहयोग र समर्थन प्रति हार्दिक धन्यवाद व्यक्ति गरेका थिए । त्यस गरी पत्रकाहरुका तर्फवाट पत्रकार महासंघ मोरंग शाखाको अध्यक्ष वन्धु पोखरेल र नयां पत्रिका गणेश लम्सालले अधिकारीले गरेको कामको प्रशंसा गरेका थिए । अध्यक्ष पोखरेले खादा ओढाएर अधिकारीको सम्मान गरेका थिए ।

अन्तमा प्रवल घिमिरेको

मुख्य मुख्य काम हरू

१. समग्र जिल्लामा शान्ति व्यवस्था अमन चयन कायम राख्न जिल्लाभरी दरबन्दी भएका ६४ र नभएका ३० गरी ९४ यूनिटमा १४२६ बढि प्रहरी जनशक्तिको व्यवस्थापन, अनुगमन, प्रभावकारी परिचालन र कार्य सम्पादन मूल्याङ्कन ।

२. बिशेष सुरक्षा व्यवस्था - विशाल जनसहभागिता रहेका धार्मिक समारोहहरु १) राधाकृष्ण रथयात्रा २) दशैं ३) दिपावली ४) छठपर्व ५) मोहरम पर्व को सफल सुरक्षा व्यवस्था - जम्मा ४१४४ प्रहरी परिचालन ।

३. प्रदेश राजधानी रहेको बिराटनगरमा रहेका बिशिष्ठ व्यक्तिहरु र ९ स्थानमा रहेका बिशिष्ठ कार्यालय तथा निवासस्थानहरु, कारागार, बाल सुधार गृहको नियमित र सफल सुरक्षा व्यवस्था, यस जिल्ला आउनु भएका २०५ जना संघीय बिशिष्ठ व्यक्तिहरुको मार्ग, समारोह स्थल र निवासस्थानको सुरक्षा - बिशिष्ठ व्यक्तिको सुरक्षामा नियमित बाहेक ६३६५ प्रहरी परिचालन ।

४. २०७६/८/१४ मा भएको स्थानीय निकायको उप निर्वाचन र २०७६/१०/९ मा भएको प्रदेश राष्ट्रिय सभाको निर्वाचनमा सफल सुरक्षा व्यवस्था ।

५. फैसला कार्यान्वयनरफरार अपराधी पक्राउस सम्मानित अदालतबाट कैदरजरिवानाको सजायको फैसला भई फरार रहेका व्यक्तिहरु प्रकाउ गर्ने कार्यमा जिल्ला प्रहरी कार्यालयले पहिलो स्थान कायम गरेको छ । प्रस्तुत आर्थिक बर्षको हालसम्मको अवधिमा देश भरीमा जम्मा २०२३ जना पक्राउ गरिएकोमा जि.प्र.का. मोरङले मात्र ४४९ जना पक्राउ गरी अदालतमा दाखिला गरेको छ । देशभरीका ७७ जिल्लाको कूल पक्राउ संख्याको तुलनामा यो संख्या २२.१९५ हो भने यस आ.व.मा १ नं. प्रदेशका १४ जिल्लाको जम्मा पक्राउ संख्या ९२८ को तुलनामा यो संख्या ४८.३५ रहेको छ । सम्मानित अदालतबाट मिति २०७६/०८/०४ गते फरार अपराधीहरुको अद्यावधिक सूची प्राप्त भए पछि लकडाउन अघिसम्मको ४ महिनामा ४४९ जना पक्राउ गरी ११२ बर्ष २ महिना १६ दिन कैद र ४१,७८,९९६ (रुपैया जरिवाना असूल गरियो । जिप्रका मोरङको गत आर्थिक बर्षको तुलनामा यो पक्राउ संख्या ३८.३९५ ले बढि रहेको ।

६. स्वीप अपरेशन - चोरी, तस्करी, गुण्डागर्दी नियन्त्रणका लागि बिशेष अभियानको रुपमा सञ्चालन गरिएको २४ घण्टे स्वीप अपरेशन अन्तरगत ३२८८ जनालाई नियन्त्रणमा लिई स्क्रिनिङ गरिएको ।

७. घरेलु मदिरा नियन्त्रण - यस अवधिमा २०,३९५ लि. घरेलु मदिरा घरेलु मदिरा बनाउन प्रयोग गरिने कच्चा पदार्थ १४,१५० लि. र नक्कली रक्सी ५३० बोतल बरामद गरिएको । यसबाट रु. ४,६७,४००।- जरिवाना राजश्व संकलन भएको ।

८. प्रतिबन्धित विप्लव समूह बिरुद्धको कारवाही - कथित मेची( कोशी व्यूरो संयोजक २, मेची(कोशी व्यूरो सचिव १, जिल्ला जनपरिषद् प्रमुख १, जिल्ला इञ्चार्ज १, जिल्ला सेक्रेटरी ३, जिल्ला कमिटी सदस्य ५, नगर सदस्य १ समेत गरी २१ जनालाई पक्राउ गरी मुद्दा चलाईएको । प्रस्तुत कार्यकालमा यस जिल्लामा सक्रिय हुन खोजेका सबै कार्यकर्ताहरुलाई संगठित हुन नदिई पक्राउ गरिएको, अशान्ति, चन्दा आतंक, डर त्रास धम्कीबाट नागरिकलाई सुरक्षित राखी शान्ति व्यवस्था कायम गरिएको ।

९. अवैध हातहतियार तथा खरखजाना - अटोम्याटिक पेस्तोल ५ थान, कटुवा पेस्तोल ५ थान, भरुवा बन्दुक ८ थान, म्यागजिन ६ थान, गोली २६ राउण्ड, निकोजेल जिलेटिन ४३ थान बारुद, छर्रा, वायर, क्याप बरामद गरिएको ।

१०. समूदाय प्रहरी साझेदारी कार्यक्रम - कार्यकालमा बिद्यालय सम्पर्क कार्यक्रम १५७, समुदायसंग चिया १०३, प्रहरीसंग एक दिन १७, सचेतनामूलक अन्तरक्रिया १४०, सामुदायिक सरसफाई ३८, प्रचार प्रसार तथा पर्चा बितरण ४८, बृक्षारोपण ३, स्वास्थ शिविर

वांकी ५ पेजमा...

# कोरोना रोकथाम र उपचारमा भएको खर्च सार्वजनिक

विराटनगर । नेपाल सरकारले कोरोना रोकथाम र उपचारमा भएको खर्च जनताको दवावमा सार्वजनिक गरेको छ ।

कोरोना भाइरस (कोभिड-१९) संकट व्यवस्थापन संचालन केन्द्र (सीसीएमसी) निर्देशक समितिले हालसम्म भएको खर्च र निकासा भएको रकम गरी ८ अर्ब ३९ करोड रुपैयाँ रूपैयाँ भन्दा बढी खर्च भएको विवरण आज सार्वजनिक गरेको छ ।

सीसीएमसी निर्देशन समितिको समितिको निणृयअनुसार सार्वजनिक विवरणमा औषधि तथा स्वास्थ्य सामग्री खरिद, स्वास्थ्य पूर्वाधार निर्माण, जनशक्ति परिचालन, क्वान्टिन निर्माण, कोरोना परीक्षण प्रयोगशाला, आइसोलेसन स्थापना, कोरोना अस्पताल निर्माण लगायतमामा सो खर्च भएको जानकारी गराएको छ ।

नेपालमा रहेको तीन तहका सरकारले कोरोना विरुद्ध लड्न गरेको खर्चमध्ये सबैभन्दा बढी संघीय सरकारले ४ अर्ब १० करोड ५५ लाख, प्रदेश सरकारमार्फत् १ अर्ब ३० करोड ५ लाख, र स्थानीय तहबाट २ अर्ब ९८ करोड ५२ लाख रुपैयाँ खर्च भएको विवरण सार्वजनिक गरेको छ ।

यसरी संघीय सञ्चिति कोषबाटस्रोत व्यवस्थापन गरिएको मध्ये स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमार्फत् १ अर्ब ५८ करोड रुपैयाँ, रक्षामार्फत् २ अर्ब ४० करोड, गृहमार्फत् २ करोड, संस्कुति पर्यटन तथा नागरिक उड्डयनमार्फत् ५ करोड, सहरी विकास मन्त्रालयमार्फत् डेढ करोड रुपैयाँ रहेको छ । यसैगरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमार्फत् २ करोड ६९ लाख रुपैयाँ स्रोत व्यवस्थापन गरिएको छ जुन रकम प्रविधि विकास र वैकल्पिक सिकाइमा खर्च भएको हो ।

प्राप्त जानकारीअनुसार औषधी तथा स्वास्थ्य सामाग्रीमा ३ अर्ब ९० करोड ८८ लाख, स्वास्थ्य पर्वाधार निर्माणमा १ अर्ब १२ करोड ५० लाख, जनशक्ति परिचालनमा ५ करोड ८३ लाख, क्वारेन्टिनमा १३ करोड ५५ लाख र अन्यतर्फ ४० करोड १५ लाख रुपैयाँ खर्च भएको छ ।

यसैगरी, प्रदेश सरकार मार्फत एक अर्ब ३० करोड ४ लाख ९९ हजार रुपियाँ खर्च भएको जनाइएको छरु।

जसअनुसार प्रदेश १ ले १९ करोड ३५ लाख ६० हजार, प्रदेश २ मा १३ करोड ३९ लाख ४६ हजार, वागमती प्रदेशले १३ करोड ६७ लाख, गण्डकीले १५ करोड ४२ लाख १० हजार, प्रदेश ५ ले ७ करोड ७९ लाख ३० हजार, कर्णालीले २३ करोड ९२ लाख ८३ हजार र सुदूरपश्चिम प्रदेशले ३६ करोड ४८ लाख ७० हजार रुपियाँ खर्च गरेको छरु। प्रदेश सरकारले स्थापना गरेको कोषहरुमा कुल २ अर्ब ८३ करोड २७ लाख रुपैयाँ जम्मा भएको छ ।

त्यस्तै, स्थानीय तहबाट दुई अर्ब ९८ करोड ५१ लाख ९४ हजार रुपियाँ खर्च भएको छरु। स्थानीय तहको कोरोना कोषमा ४ अर्ब ८३ करोड रुपैयाँ जम्मा भएका छन् ।

# यूवाहरु द्वारा दिप प्रज्वलन

विराटनगर । लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयलाई लिएर नेपाल सरकारले चालेको कदम स्वागत योग्य रहेको भन्दै विराटनगरका युवाहरुले जिल्ला प्रशासन कार्यालय मोरङमा दिप प्रज्वलन गरेका छन् ।

प्रदेश नम्बर १ को राजधानी विराटनगरमा विभिन्न संघसंस्थामा आवद्ध रहेका युवाहरुले नेपाल सरकारले चालेको कदम स्वागत योग्य रहेको भन्दै जिल्ला प्रशासन कार्यालय मोरङको प्रवेशद्वारमा आज दिप प्रज्वलन गरेका हुन् । विराटनगरका अधिकांश युवाहरु सुसासना लागि सरकारलाई घचघच्याउँदै आइरहेका छन् ।

यस अघि युवाहरुले जिल्ला प्रशासन कार्यालय मोरङको प्रवेश द्वार अगाडी कोरोना कोषको १० अर्ब खोइ ? आरडिटि परिक्षण खारेज गरी पिसिआर लागू गर, जनता भोकले मर्ने राष्ट्रपति गलैंचा फेर्न पाइन्न, सुविधा युक्त क्वारेन्टाइन निर्माण गर, भ्रष्टाचार बन्द गर र जनताले तिरेको करले २ करोडको गाडी मन्त्रीले किन्न पाइन्न लगायतका नारा लगाउदै नाराबाजी समेत गरेका थिए ।

युवाहरुको नेतृत्व गरिरहनु भएका दिपेन मरीक र संरक्षक देवकोटा लगायतका अगुवा युवाहरुले सरकारले गरेको राम्रो कामलाई स्वागत गर्ने र नराम्रो कामको विरोध गर्दै आइरहेको कार्यलाई निरन्तरता दिइने उहाँहरुको भनाई थियो ।


## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौ देशको राजश्व बढाऔ ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।

लेखा राखौ हिसाबमा भर, हचुवामै नतिरौ कर ।

कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्मामामा सभागी बनौ ।

सामान किनौ गतिलो छानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

# अवैध रुपमा बालुवा, गिट्टी उत्खनन् नगर्न ठेक्कादारलाई निर्देशन

**पदम कुमार सरदार**



विराटनगर । लकडाउनको समयमा मोरङका विभिन्न खोलाहरु अवैध रुपमा बालुवा उत्खनन भइरहेको पाइएको छ । खोला उत्खनन् गरी बालुवा, गिट्टी र ढुङ्गा निकाल्न थालेपछि जिल्ला समन्वय समिति मोरङले अनुगमन गरेको छ ।

जिल्ला समन्वय समिति मोरङको टोलीले केराबारी-१ भलुवा, लेटाङ नगरपालिका ९ जाँते, तेली खोला, केराबारी ५ र ग्रामथान ६, को चिसाङसहित लोहन्द्रा खोलाको अनुगमन गरेको हो ।

समन्वय समितिका उपप्रमुख प्रकाश साह नेतृत्वको टोलीले गरेको अनुगमनका क्रममा लोहन्द्रा खोलामा मापदण्डविपरित बालुवा, गिट्टी र ढुङ्गा उत्खनन गरेको पाएको छ । सो क्रममा साहले खोलाबाट बालुवा, गिट्टी र ढुङ्गा ननिकाल्न ठेकेदारहरुलाई निर्देशन दिनुभयो ।

लकडाउनको मौका छोपेर खोलाबाट अवैध रुपमा ढुंगा, गिटी र बालुवा उत्खनन् गर्नेलाई कडा कारबाही गरिने उहाँले बताउनुभयो । खोला अवैध रुपमा उत्खनन् हुँदा पनि स्थानीय सरकार मूकदर्शक बनेको उपप्रमुख साहले आरोप लगाउनुभयो । जिल्लाका कुनै पनि खोलामा अवैध उत्खनन् हुन नदिने उहाँले प्रस्ट पार्नुभयो ।

स्थानीय सरकारले उत्खनन् रोक्नेतर्फ ध्यान नदिएकै कारण समस्या सिर्जना भएको साहको कथन छ । लेटाङ नगरपालिका ९ स्थित जाँतेको तेली खोलामा मापदण्डविपरीत बालुवा उत्खनन भइरहँदा पनि स्थानीय सरकार बेखबर बनेको उहाँको आरोप थियो । तर लेटाङ नगरपालिकाकी उपमेयर कृष्णकुमारी निरौलाले अनुगमन गरिएको बताउनुभयो ।

उहाँले जति अनुगमन गरिए पनि मापदण्डपिपरीत बालुवा, गिट्टी र ढुङ्गा उत्खनन रोक्न नसकेको स्वीकार्नुभयो । लेटाङको तेली खोलामा बन्दाबन्दीको मौका छोपेर करिब ७ फिट गहिराई र ८० फिट लम्बाई र १ किलो मिटर भन्दा बढी अवैध रुपमा बालुवा, गिट्टी, र ढुङ्गा उत्खनन गरेको पाईएको छ ।

त्यस्तै केरावारी, बेलवारी र ग्रामथानमा समेत अबैध रुपमा बालुवा, गिट्टी, र ढुङ्गा उत्खनन गर्दा ठूलो क्षेत्रफलमा खाल्डो बनेको छ । यसरी अवैध रुपमा मापदण्डविपरीत ठेकेदारले खोला उत्खनन गर्दा यस क्षेत्रमा वन, घर टहरा र खेतीयोग्य जमिन कटान हुने सम्भावना बढेको छ । यसलाई रोक्न तत्काल खोलाको उत्खनन् रोक्नुपर्ने समन्वय समितिका सदस्य पुलीस विश्वासले बताउनुभयो ।

यसरी मापदण्ड भइरहेको बालुवा, गिट्टी र ढुङ्गा उत्खनन बारम्बबर रोक्न खोज्दा ठेकेदार र स्थानीय बीच विवाद हुँदै आइरहेको स्थानीय लक्ष्मीप्रसाद ढकालको भनाई छ । उहाँले बन्दाबन्दीको मौका छोप्दै पूरै गाउँलाई नै विस्थापित गर्ने तरिकाले बालुवा उत्खनन् भएको गुनासो पोख्नुभयो । लोहन्द्रा खोलाहरुमा अवैध तरिकाले भएको उत्खनन रोक्न आँखा बन्द गरी मूकदर्शक भएर बस्नु बाहेक अरु कुनै विकल्प नरहेको उहाँले बताउनुभयो ।

यसरी अवैध रुपमा उत्खनन भइरहँदा वनजंगल, र नजिकका वस्तीहरुसमेत विस्थापीत हुनेमा दुईमत छैन् । यसका लागि तीनै तहका सरकाले हरेक दिन लोहन्द्रा खोलाको अनुगमनलाई निरन्तरता दिनु जरुरी छ ।

# कोरोनालाई अपराध ठान्ने समाज, बलात्कारमा किन मौन

**पार्वती पाण्डे**

कोभिड १९ का कारण देश लकडाउनमा छ । कोरोना संक्रमितको संख्या पनि दिन प्रतिदिन बढ्दै गएको छ भने निको हुनेको संख्या पनि बढेको छ । तर कोरोना संक्रमित र उनीहरूको परिवारलाई त्रसाउने काममा समाज नै लागेको देखिन्छ । मानौं कोरोना लाग्ने व्यक्ति र उनका आफन्तहरू अपराधी हुन् जस्तो व्यववहार गरिन्छ । सधैं जनतालाई सूचना दिन अग्रस्थानमा खटिने सञ्चारकर्मीलाई पनि कोरोना लाग्यो, उनीहरूले मनोबल दह्रो बनाए र कोरोना जितेर काममा पनि फर्किएका छन् । म आफै पनि १२ दिनसम्म होम क्वारेन्टाइनमा बसें, एकान्त बासबाटै निरन्तर सूचना प्रवाह गरिरहें । पीसीआर नेगेटिभ आयो र काममा सहजता आयो ।

कोरोना संक्रमितहरू अस्पताल मै पनि रमाउने, कोरोनाको सावधानी अपनाउने बारे सबैलाई सचेतना दिएका छन् । आफ्नो सम्पर्कमा आएकाहरूलाई पीसीआर गर्न सघाउ पुऱ्याएका छन् । तर समाजका सचेत मानिसहरू कोरोना नलागेकालाई पनि कोरोना लागेको छ भन्ने र अनावश्यक हल्ला फिजाउने कार्यमा लागेको देखिन्छ । कोरोना संक्रमितहरूका परिवार, आफन्तहरूलाई लक्षित गरि अनावश्यक हल्ला फिजाउने काम भएको छ । कोरोना लागेको व्यक्तिलाई सान्त्वना दिनुको सट्टा सम्पर्कमा रहेका अन्य परिवारलाई पनि फरक व्यवहार गरेको देखियो । कोरोना लागेर निको भएका व्यक्ति घर फर्किदासमेत समाज अझै त्रसित देखियो । कोरोना सामान्य रोग हो, यसको औषधि छैन । तर पनि प्रयाप्त आराम गर्दा, सकारात्मक कुरामात्रै सोच्दा र अनि पोषिलो खादा निको हुँदोरहेछ । सचेत हुँदै उच्च मनोवलका साथ कोरोनालाई सहजै जित्न सकिन्छ भन्ने प्रमाण हालै कपिलवस्तुका एक जनप्रतिनिधि र पत्रकार हुन्, जो कोरोना निको भएर घर फर्किसकेका छन् । कोरोना लाग्ने व्यक्ति र उसको परिवारमा कुनै अप्ठ्यारो महशुस हुदैन । टोल, छिमेकमा भने फलानोलाई कोरोना लागेको छ, उ र उसको परिवारबाट टाढा हुनु पर्छ, भनी अनावश्यक हल्ला भिजाइन्छ । तर त्यही समाज एउटा भर्खरै जन्मिएकी अबोध बालिकादेखि र अशक्त वृद्धा बलात्कृत हुँदा मौन रहन्छ । यो जघन्य अपराध हो, अपराधीलाई कार्वाही हुन पर्छ भन्नेसम्म आँट गर्दैन । सकेसम्म त आफ्नो नातागोता, छिमेकी, आफन्त वा राजनीतिक पार्टीको व्यक्ति भएको हैसियतले बलात्कारी, अपराधीलाई जोगाउन लागे पुगेसम्मको सबै शक्ति खर्च गर्छ । अपराध ढाकछोप गर्न लाग्छ । र पीडितको आवाज दबाइन्छ ।

कोरोना हामीले नचाहँदा वा निर्दोष हुँदाहँदै पनि अरुका कारण हामीलाई सर्छ । जसमा हाम्रो कुनै दोष हुन्न । तर बलात्कारी, हत्यारा, भ्रष्टाचारीले जानेरै, बुझेरै, प्रपञ्च रचेरै यस्तो जघन्य अपराध गर्छ । अरुलाई नोक्सान पुऱ्याउँछ । अरुको ज्यान लिन्छ । के समाज नामको समाज र आफन्त नामका आफन्तले यस्ता अपराधीलाई कहिल्यै छीछी र दूरदूर गरेका छन् ? यदि त्यस्तो हुन्थ्यो भने यस्ता अपराध पनि सायद कम हुन्थे । निर्दोषमाथिको अन्याय कम हुन्थ्यो । तर कोरोना जस्तो रोग लागेका मानिस र उसको परिवार भने यतिबेला आफन्त, नातागोता र छिमेकीको अपमान सहन बाध्य छन् । जुनै अत्यन्तै निर्मम र अमानवीय काम हो ।

कोरोना भाइरस ठूलो रोग होइन, त्यसलाई सावधानीले नै जित्न सकिन्छ भन्ने समाजले बुझ्न आवश्यक छ । निरन्तर रुपमा सफा र मापदण्ड अनुसारको माक्स लगाउने, शारीरिक दुरी कायम गर्ने, हात साबुन पानीले मिचीमिची धुने, व्यायाम गर्ने, पोषिलो खाने गर्दा कोरोना भाइरसलाई सजिलै जित्न सकिन्छ । यो कुरा निरन्तर डाक्टरहरूले पनि बताउँदै आएका छन । यद्यपि यसको औषधि भने बनेको छैन । केही अपवाद कारण बाहेक कोरोनालाई नेपालीले जित्दै आएका छन् । लकडाउनको ७८ दिनसम्म १५ जनाको मृत्यु भइसकेको छ । ४ हजार ८६ जनामा संक्रमण देखिएको छ भने ५ सय ८४ जना निको भएर घर फर्किसकेको अवस्था छ ।

कोरोना संक्रमित यसलाई जित्न चुकेका छैनन् । तर समाज आफ्नो दायित्व बहन गर्न भने चुकेका छ । कोरोना लागेका मानिस, उनका घरपरिवार र सम्पर्कमा रहेका व्यक्तिहरूलाई सात्वना दिन र कोरोना केही पनि होइन, सावधानी अपनाऔं भन्ने सन्देश दिनु आवश्यक छ । गाउँ समाजले अहिले आफ्नो दायित्वलाई चटक्कै बिर्सिएर हल्लाका पछि लाग्न छोड्नु पर्छ । होइन भने जाने बुझेका भनिएका, अगुवा नागरिकहरूमाथि प्रश्न चिन्ह खडा हुन्छ । नत्र भने यसबाट संक्रमितका परिवारका बालबालिकालाई पर्न गएको असरको सामाजिक क्षति चुक्ता गर्न निकै कठिन हुने छ ।

आज कोरोनाका नाममा ताजा तरकारी खाडलमा गाड्ने, दूध लिन अस्वीकार गर्ने, स्वाव संकलन गरेका तर नतिजा नआएकालाई समेत घृणाको व्यवहार गर्ने, भ्रमपूर्ण कुराहरू प्रवाह गर्ने काम जारी छ । देश पूर्ण बन्दाबन्दी (लकडाउन) मा छ । कोरोनाबाट बच्नका लागि लकडाउनको पूर्ण पालना गरौं, सावधानी अपनाऔं, पोषिलो खाने कुरा खाऔं, आफू बचौं, अरुलाई बचाऔं । कोरोना संक्रमित व्यक्ति, घर परिवार, आफन्तको मनोवल बढाउने उत्साह दिऔं, अनावश्यक हल्ला फिजाउने काम बन्द गरौं ।

(पत्रकार पाण्डे कपिलवस्तुबाट प्रकाशन हुने बुद्ध दर्पण दैनिकका सम्पादक हुनुहुन्छ ।) महिला खबरबाट

# कैलालीको एक क्वारेन्टाइनमा महिला माथि बालात्कार

विराटनगर । कैलालीको लम्कीचुहा नगरपालिकामा क्वारेन्टिनमै एक महिलामाथि बलात्कार भएको भन्दै प्रहरी समक्ष लिखित जाहेरी दिदै कारवाहीको माग गरेका छन् ।

प्रहरीलाई आईतवार दिउंसो नै पिडित महिलाको आफन्तले घटनाबारे प्रहरीलाई खबर गरेका थिए ।

ईलाका प्रहरी कार्यालय लम्कीबाट गएको प्रहरी टोलीले सोधपुछका लागि तीन जनालाई नियन्त्रणमा लिएको कैलालीका जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरिक्षक प्रतिक बिष्टले बताए ।

'पक्राउ पर्नेमा क्वारेन्टिनमा खटिएका स्वास्थ्यकर्मी र स्वयंसेवक रहेको प्रारम्भिक सूचना आएको छ पुष्टि भैसकेको छैन,' प्रहरी नायब उपरिक्षक बिष्टले बताए ।

लम्कीचुहा नगरपालिका वडा नं १ की ३१ वर्षकी महिला शहिद स्मृति माध्यमिक विद्यालयमा क्वारेन्टिनमा बस्दै आएकी थिइन् ।






## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोर । जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

**थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०**

क्राईम अपरेशन
Crime Operation

# मुक्तिनाथ आश्रमलाई सहयोगको खाँचो

**हिरालाल साह**

विराटनगर । मोरङको बूढीगंगा गाउँपालिका वडा नम्बर १ गकुवास्थित मुक्ति आश्रम केन्द्रको पुन:निर्माण हुने भएको छ । आर्थिक अभावका कारण रोकिएको आश्रमको पुन : निर्माण सुरु भएपछि स्थानीय हर्षित भएका छन् ।

मोरङको बुढीगंगा गाउँपालिका १ गकुवास्थित मुक्ती आश्रम केन्द्रको भवन र पार्क दिनानु दिन जीर्ण बन्दै गइरहेको थियो । तर स्थानीयको सक्रियतामा पुन : निर्माण सुरु गरिएको हो । स्थानीयले पुराण लगाएर संकलन गरेको ५ लाख रुपैयाँबाट २०६९ असार २४ गतेदेखी निर्माण सुरु गरिएको थियो ।

आर्थिक अभावका कारण बिचमा निर्माण रोकिएको थियो । स्थानीयको सक्रियतामा आश्रमको निर्माणले पुन : निरन्तरता पाएको छ । बुढीगंगा गाउँपालिका १ र ४ नम्बर वडासँग सिमाना जोडिएको गकुवा स्थित मुक्ती आश्रम केन्द्रको भवन, पार्क, मठ-मन्दिर र मुक्तिघाट निर्माणका लागि ४ करोड ५० लाख रुपैयाँको डिपिआर तयार भएको मुक्ती आश्रम केन्द्रका अध्यक्ष चन्द्रशेखर न्यौपानेले बताउनुभयो ।



उहाँले नयाँ संरचना निर्माण गर्नका लागि मुक्ती आश्रम केन्द्रले स्थानीय र अन्य निकायसँग सहयोगका लागि पहल थालेको जानकारी दिनुभयो । मुक्ती आश्रम केन्द्रको भवन, पार्क, मठ-मन्दिर र मुक्ति घाट निर्माणका लागि २ विघा क्षेत्रफल जग्गा रहेको छ । यस क्षेत्रभित्र रहेका १, ३, र ४ नम्बर वडाका मानिसलाई प्रत्यक्ष लाभ हुने केन्द्रका उपाध्यक्ष मणीराज अधिकारीले जानकारी दिनुभयो ।

उहाँले यस क्षेत्रमा फोहर हुन नदिनका लागि शवको अन्त्येष्टिका लागि व्यवस्थित रुपले मुक्ती घाटको नयाँ संरचना निर्माण गर्न लागिएको बताउनुभयो । भौतिक योजना मन्त्रालयबाट १० लाख रुपैयाँ र बूढीगंगा गाउँपालिकाबाट ५ लाख रुपैयाँ प्राप्त भएपछि निर्माणले पुन : गति लिएको छ । निर्माणले गति लिएपछि स्थानीय खुशी भएका छन् । यसलाई अझ व्यवस्थित गर्न वृद्धा आश्रम र वनभोज स्थलसमेत निर्माण गर्ने स्थानीयको भनाइ छ ।

निर्माण सम्पन्न भएपछि यस क्षेत्रका मानिसको मृत्यु भएपछि शवको अन्त्येष्टि गर्न टाढा लानुपर्ने बाध्यताको समेत अन्त्य हुने स्थानीयले बताए । मठ-मन्दिरमा पूाज गर्न समेत सहज भएको स्थानीयको भनाइ छ । मुक्ती आश्रम केन्द्रको संरचनाहरु निर्माण गर्न यसअघि नेपाली कांग्रेसका केन्द्रिय सदस्य डा. शेखर कोइरालाले ५ लाख रुपैयाँ सहयोग गर्नुभएको थियो । अहिलेसम्म २५ लाख रुपैयाँ खर्च भइसकेको छ ।

# एलसीडी र सुर्तिजन्य पदार्थ बरामद

विराटनग । प्रदेश नं. १ को झापा जिल्ला मेचीनगर नगरपालिका वडा नं. ७ गैरी गाउँवाट अबैध मोबाइलको एलसीडी र सुर्तिजन्य समानहरु प्रहरीले बरामद गरेको छ ।

बुधवार बेलुकी इलाका प्रहारी कार्यालय काकडभिट्टावाट खटिएको प्रहरी टोलीले भारतबाट नेपाल तर्फ ल्याउँदै गरेको मोवाइलको एलसीडी लोरियल जेल र सुर्तिजन्य बस्तुहरु बरामद गरेका हुन् ।

उक्त अवैध मोबाइलको एलसीडी लोरियल जेल र सुर्तिको अन्दाजी मुल्इ ३ लाख ५६ हजार बरावर रहेको छ ।

अवैध रुपमा बरामद भएको समान आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालयमा बुझाई आवश्यक कारवाही अगाडी वढाएको प्रहरी कार्यालयले जनाएको छ ।

# राजश्व असुली लक्ष्य भन्दा कम

विराटनगर । चालू आर्थिक बर्षको १० महिनामा ५९ प्रतिशत मात्र राजस्व संकलन भएको छ जुन लक्ष्यभन्दा निकै कम हो । आन्तरिक राजश्व कार्यालय बिराटनगरले ८ अर्ब ९८ करोड राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो ।

चालु आर्थिक बर्षको पहिलो १० महिनामा ५अर्ब ३० करोड रुपैयाँ मात्र संकलन भएको जनाएको छ ।

ज्येष्ठ मसान्तसम्म लक्ष्य अनुसार राजस्व संकलन नभएको पाइएको छ । ज्येष्ठ महिनामा १ अर्ब १ करोड लक्ष्य राखेकोमा ३१ करोड मात्र राजस्व असुली भएको कार्यालयले जनाएको छ ।

यस अवधिमा हालसम्म सबैभन्दा धेरै आयकरमा २ अर्ब ६ करोड संकलन गरेको छ, भ्याटतर्फ १ अर्ब ४१ करोड छ भने लक्ष्य अनुसार सबैभन्दा कम अन्तशुल्क तिर १ अर्ब ८३ करोड मात्र उठेको छ ।

राजस्व संकलन कोरोना महामारीको कारण बन्दाबन्दिको असर परेको, उद्योगीले र व्यापारीले कर बुझाउने म्याद थप गरेकोले र भन्सार असुलीमा कमि आएकोले प्रत्यक्ष असर परेको बताउँछन् बिराटनगरका राजश्व कार्यालयका प्रमुख विमल सापकोटले भने असार १५ सम्म सरकारलेनै उद्योगि व्यापारीलाई कर बुझाउन समय थप गरेकोले असार मसान्तसम्म ८० प्रतिशतसम्म राजश्व संकलन हुन सक्ने सम्भावना छ ।



## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएका कोरोना भाइरस (covid-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैकमा “कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष” खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरि दिनुहुन आह्वान गरिएको व्यहोरा संम्बन्धीत सबैको जानकारीका लागि अनुरोध छ ।

बैकको नाम : राष्ट्रिय बाणिज्य बैक
शाखा : सिंहदरवार परिसर
खाताको नाम : कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण्ढा तथा उपचार कोष
खाता नं. : १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## एक वर्ष..

तथा रक्तदान ८, राहत बितरण ४, र्यांबली ७, सडक नाटक २, मासिक बैठक ८१, नागरिक सुनुवाई ६, घरदैलो कार्यक्रम ४३१ समेत गरी १३५४ वटा कार्यक्रमहरु गरिएको जसमा ४०५२६ जना सहभागी भएको ।

११. लागू औषध बिरुद्धको अभियान (ऋकउबष्नल ब्नबष्लकत ल्बचअयतष्अक) -मोरङ जिल्लामा सामाजिक बिकृतीहरुमा प्रमुख समस्याको रुपमा रहेको लागु औषधको सेवनलाई नियन्त्रण एवम् निरुत्साहित गर्न नमूना कार्यक्रमको सञ्चालन गरिएको यो कार्यक्रम अन्तरगर प्रस्तुत कार्यकालमा ३०९ वटा कार्यक्रमहरु सञ्चालन गरी ५८३१ जना सेवनकर्ताहरुलाई काउन्सेलिङ गरिएको ।

१२. यस कार्यकालमा लागू औषध बिरुद्धको अभियानमा मोरङ प्रहरीले गरेको पहलकदमी, प्रयास, भूमिका र उपलब्धीहरुको उच्च मूल्याङ्कन गर्दै शान्ती युवा समूह बेलबारीले २०७६/९/२५ गते सम्मान पत्र प्रदान गरेको ।

१३. लागू औषध बिरुद्धको अभियानमा मोरङ प्रहरीले खेलेको भूमिकाकाको उच्च मूल्याङ्कन र प्रशंसा गर्दै १ नं. प्रदेश सरकार सामाजिक विकास मन्त्रालय स्वास्थ कार्यालयबाट ३१औं अन्तर्राष्ट्रिय एड्स दिवसको अवसर १ डिसेम्बर २०१९ मा जिप्रका मोरङलाई कदर(पत्र प्रदान गरिएको ।

१४. अन्तर जिल्ला कार्यदक्षता मूल्याङ्कन २०७६ को क्रममा २०७६/०३/२५ गते गरिएको अनुगमन तथा मुल्याङ्कनमा देशभरीका जिल्ला प्रहरी कार्यालयहरु मध्ये जिल्ला प्रहरी कार्यालय मोरङ सम्पादित उत्कृष्ट काम, कारवाहीहरुद्वारा सर्वोकृष्ट जिल्ला घोषित भई प्रहरी दिवस २०७६ को अवसरमा पुरष्कृत भएको ।

१५. संयुक्त राष्ट्रसंघ बाल अधिकार सम्बन्धी महासन्धीको ३०औं बार्षिकोत्सव एवम् सिविन नेपालको ३२औं बार्षिकोत्सवको अवसरमा जिल्ला प्रहरी कार्यालय मोरङले अन्य सरकारी निकायहरु तथा सामालजिक संघ संस्थाहरुसंग समन्वय गरी जोखिममा परेका बालबालिकाहरुको उद्दार, राहत, संरक्षण, कानुनी उपचार, हराएका बालबालिकाको खोजी तथा बेवारिसे अवस्थामा भेटिएका बालबालिकाको पारिवारिक पुन:एकिकरण, न्याय निरुपण, जनचेतना अभिमुखिकरण लगायत जिल्ला प्रहरी कार्यालय मोरङ र सिवन(नेपालद्वारा मोरङमा सञ्चालित बाल हेल्पलाईन नेपाल १०९८ संगको निरन्तर समन्वय र सहकार्यको उच्च मूल्याङ्कन एवम् प्रशंसा गर्दै सिविन(नेपालले २५ नोभेम्बर २०१९ मा कदर(पत्र प्रदान गरेको ।

१६. राजश्व - प्रस्तुत अवधिमा जिल्ला प्रहरी कार्यालयले रु. ५,४४,२६,९९६।- बराबरको राजश्वरजरिवाना असूली गरेको छ । जसमा रु. ३,५५,८५,६००।- ट्राफिक कारवाहीबाट, रु. ४,६७,४००।- अवैध मदिराबाट, अवैध भन्सारबाट १,२१,९०,०००।-, अवैध उत्खनन बाट २०,०५,०००।- र रु.४१,७८,९९६।-पनै सला कार्यान्वयनबाट असूल भएको ।

१७. अवैध उत्खनन बिरुद्धको कारवाही- अवैध उत्खननमा संलग्न १४१ वटा ट्राक्टर, २४ वटा टिपर, ५ वटा जेसिभि उपर कारवाही गरिएको ।

१८. सिसिटिभीको जडान र प्रयोग- प्रस्तुत अवधिमा १ नं. प्रदेश सरकारको सहयोगमा जिल्लाको रानीदेखि महानगरको ढाटसम्म र बुढी खोलादेखि उर्लाबारीसम्म ६० कि.मि. अप्टिकल फाईवरको नेटवर्क जडान र बिस्तार गरी सिसिटिभि प्रयोगमा ल्याइएको । अप्टिकल फाइवरको यो नेटवर्क काठमाण्डौ पछि देशको दोश्रो ठुलो नेटवर्क रहेको । यस अवधिमा संगठित रुपमा डकैती, चोरी, सवारी दूर्घटना, ज्यान सम्बन्धि लगायत ३९ वटा घटनाको अनुसन्धानमा सिसिटिभी प्रविधिको प्रयोग भएको ।

१९. भौतिक निर्माण - ईप्रका रानी, ईप्रका बेलबारी,ईप्रका बुधनगर, ईप्रका उर्लाबारी, सिप्रचौ डोरिया, प्रचौ थलाहा, ईप्रका रंगेली, जिप्रका मोरङ गरी २९,९१,४२,४०७- बराबरको नयाँ निर्माणको थालनी भएको ।

२०. जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय बिराटनगर,प्रहरी चौकी बखरी इप्रका पथरी, प्रचौ रमाईलो, अप्रचौ कानेपोखरी, ईप्रका बुधनगर, इप्रका रंगेली, इप्रका दोहमना, सिप्रचौ पोखरिया, प्रचौ गडरिया, प्रचौ झपटतल, पचौ सिक्टी, इप्रका उर्लाबारी, प्रचौ मझारे, प्रचौ कोयलपुर, इप्रका नेमुवा, वप्रका हाटखोला गरी १८ वटा प्रहरी कार्यालयहरुमा रु.१,९५,००,०००।- बराबरको भौतिक निर्माण सहयोग भएको ।

२१. अपराध नियन्त्रणमा जिप्रका मोरङले गरको पहल कदमीका कारण गत आर्थिक बर्षको तुलनामा यो बर्ष १६.३५५ ले कमी आएको । गत बर्षको यो अवधिसम्म १६९४ मुद्दा दर्ता भएकोमा यो बर्ष १४१७ मुद्दा दर्ता भएको । गत बर्षको तुलनामा यो बर्ष अभद्र व्यवहारमा (६५५/४४०) ३२.८२५, चोरीमा (१०३/८४) २२.६१५ जबरजस्ती करणीमा (९७२७२) २५.७७५, जबरजस्ती करणीको उद्योगमा (५४/४४) १८.५१५, जुवामा (१४/७) ५०५ ले कमी आएको छ भने आत्महत्या (१८९/२१३) १२.६९५, लागु औषध (१६५/१७३) ४.८४५, कर्तव्य ज्यान (१६/१७) ६.२५५ र ठगी (११/ १९) ७२.७२५ ले बढेको देखिन्छ ।

२२. यस अवधिमा बिभिन्न मुद्दामा १२५९ जना पुरुष र ९१ जना महिलालाई पक्राउ गरी मुद्दा दायर गरिएको ।

२३. सफल अनुसन्धानहरु (१) २०७६/२/२७ मा भारतबाट बिराटनगरका एक व्यपारीको हत्या गर्ने योजनामा हतियार सहित कुनाल कुमारलाई पक्राउ गरी हत्या योजना बिफल पार्नुको साथै संलग्नहरुलाई मुद्दा चलाईएको । २) २०७५/९/१५ गते तपाईको नाममा चिठ्ठा पर्यो भनी ठगी गर्ने निरज मरिक, श्रवण मलहालाई पक्राउ । ३) बिराटनगरका बिभिन्न स्थानमा श्रृखलाबद्ध रुपमा डाँका गर्ने ७ जना पक्राउ । ४) २०७६/१०/१४ गते संझना खत्रीको हत्या गर्ने सुरेन्द्र साह पक्राउ । ५) आफ्नै बुवासंग अपहरणको नाटक गरी फिरौती लिने छोरा मुकेश कुमार महतोलाई पक्राउ । ६) २०७६/१०/१ मा आफुलाई नेपाली सेनाको कर्मचारी बताउने विक्रम चन्द पक्राउ ७) २०७६/१०/६ मा आफ्नो प्रेमीसंग मिली श्रीमानको हत्या गर्ने दयावती सरदार, बद्री सरदार र विकास सरदार पक्राउ । ८) २०७६/३/१६ मा ६० किलो अवैधी चाँदी सहित भारतका गौरव कुमार साह पक्राउ ९) मिति २०७७/२/३ गते छोराहरुद्वारा बुवा सिताराम चौहानको हत्या गरेको केशमा छोराहरु रोहित चौहान र नागेन्द्र चौहान पक्राउ १०) २०७७/२/३ फार्मेसी सञ्चालक देवी प्रसाद दुलालको हत्यामा संलग्न श्रीमती सहित दुई जना पक्राउ ।

२४.हराएका १८३ मोबाईल, ७५ मोटरसाईकल र १५ साइकल फेला पारी सम्बन्धित धनीलाई बुझाईएको ।

२५. जिल्ला प्रहरी कायारहेका ५ वटा हिरासत कक्षलाई अन्तराष्ट्रिय मापदण्ड बमोजिम नमूना हिरासत कक्षको रुपमा व्यवस्थित गर्न हिरासत कक्षमा CCTV monitoring, individual lockers, floring carpet, TV, books, hot and cold water, fans, periodic counseling को व्यवस्था गरिएको ।

२६. विश्वव्यापी महामारीको रुपमा फैलिरहेको ऋइख्क्ष्म ज्ञढको संक्रमण रोकथामका लागि नेपाल सरकारले २०७६ चैत्र ११ गतेदेखि लागू गरेको लक डाउनको प्रभावकारी कार्यान्वयन, सीमा प्रवेश नियन्त्रण, सवारी आवागमन, बजार व्यवस्थापन, १९ स्थानमा हेल्प डेस्कको स्थापना,जनचेतनामूलक कार्यक्रमहरु, जिल्लाभरीमा तयार गरिएका ७६ वटा क्वारेन्टाईन र क्वारेन्टाईनमा रहेका २९४७ व्यक्तिहरुको व्यवस्थापन, २२९ जना संक्रमितहरु, सीमा नाकाबाट प्रवेश गर्ने र बाहिरिने व्यक्तिहरुको व्यवस्थापन ।

२७. कोभिड(१९ को संक्रमण रोकथाम गर्न जिल्लाभरी प्रहरीको साथी म नामक बिशेष अभियान सञ्चालन गरी १३५ वडामा १४५१ जना स्वयम् सेवकहरु परिचालन गरिएको । जनस्तरमा यो कार्यक्रम समूदाय प्रहरी साझेदारी कार्यक्रमको उत्कृष्ट प्रायोगिक उदाहरणको रुपमा कार्यान्वयन भएको ।

२८. जिल्ला प्रहरी कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुको अभिलेखीकरण तथा निजहरुको प्रहरी सेवाप्रतिको पृष्ठपोषणका लागि शुरु गरिएको फारम प्रणाली अन्तरगत १५२६८ जनाले फारम भरेको जसमा५०.१५५ ले प्रहरीले प्रदान गरेको सेवा अत्यन्तै प्रभावकारी रहेको, ३८.८२५ ले प्रभावकारी र ११.०२५ ले सन्तोषजनक रहेको बताएका छन् ।